# खोटेहाङ गाउँपालिका
# को
## सामुदायिक स्वास्थ्य इकाइ सन्चालन तथा ब्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/१२/१६

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
कोशी प्रदेश

खोटेहाङ गाउँपालिका
खोटाङ जिल्ला, प्रदेश नं. १, नेपाल

# स्थानीय राजपत्र

| | |
|---|---|
| खण्ड ६ संख्याः ८ | मितिः- २०७९/१२/१६ |

भाग -२
खोटेहाङ गाउँपालिका

ऐन तथा सभाले वनाएको नियमको सर्म्पुण व्यहोरा

स्वीकृत एवम प्रमाणीकरण मिति :- २०७९।१२।१६

आज्ञाले,
अजम्बर राई
प्रमुख प्रशासकीय अधिकृत

# सामुदायिक स्वास्थ्य इकाइ सन्चालन तथा ब्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९

**प्रस्तावना :-**

नेपालको संविधान, २०७२ ले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ ।नागरिकको आधारभूत स्वास्थ्य सेवा उपभोग गर्न पाउने अधिकारलाई बर्तमान संविधानले प्रत्याभुत गरेको छ । नेपाल सरकारले उच्च रहेको नवजात शिशु तथा मातृ मृत्यु दरलाई घटाउने उदेश्यका साथ निशुल्क रूपमा प्रसूति सेवा उपलब्ध गराउँदै आएको छ ।"समृद्ध नेपाल, सुखी नेपाली" को दिर्घकालिन सोच हासिल गर्न दिगो विकास लक्ष्यको प्रासीमा जोड दिनु अपरिहार्य छ । स्वास्थ्य संस्थाबाट सेवाको पहुँच भन्दा टाढा रहेका यस गाउँपालिका भित्रमा स्थायी वा अस्थायी बसोबास गर्ने महिला, बालवालिका, गरिव तथा सिमान्तकृत वर्ग र समुदायमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच पर्याइ नागरिकको स्वास्थ्यमा सुधार ल्याउनुका साथै मातृ तथा शिशु मृत्युदर घटाउनु स्वस्थ आमा, शिशु र बालवालिकाको स्वास्थ्यमा सुधार पुर्याइ स्वस्थ समाज निर्माण गर्ने साथै नेपालको संविधान बमोजिम आधारभूत स्वास्थ्य सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्नको लागि **"समन्वयमा आधारित खोटेहाङ, दिगो विकास र समृद्धि हाम्रो अभियान"** भन्ने खोटेहाङ गाउँपालिकाको अवधारणालाई सफल कार्यान्वयन गर्न **सामुदायिक स्वास्थ्य इकाइ सन्चालन तथा ब्यवस्थापन सम्वन्धी कार्यविधि २०७९** खोटेहाङ गाउँपालिकाको कार्यपालिकाको मिति २०७९/१२/१६ गतेको बैठकको निर्णयानुसार पारित गरिएको छ ।

## परिच्छेद १

प्रारम्भिक

१) यस कार्यविधिको नाम "सामुदायिक स्वास्थ्य इकाइ सन्चालन तथा ब्यवस्थापन सम्वन्धी कार्यविधि २०७९" रहेको छ । २) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:**

**विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा:—**

क) **सामुदायिक स्वास्थ्य इकाइ** भन्नाले खोटेहाङ गाउँपालिकाको स्वास्थ्य संस्थाबाट सेवाको पहुँच भन्दा टाढा रहेका यस गाउँपालिका भित्रमा स्थायी वा अस्थायी बसोवास गर्ने महिला, बालवालिका, गरिव तथा सिमान्तकृत वर्ग र समुदायमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच पर्याइ नागरिकको स्वास्थ्यमा सुधार ल्याउनका लागि ल्याइएको कार्यविधि लाई सम्झनु पर्छ ।

ख) **"लक्षित वर्ग"** भन्नाले खोटेहाङ गाउँपालिका भित्र स्थायी वा अस्थायी ठेगाना भई स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा बसोबास गर्ने महिला, वालवालिका, गरिव तथा सिमान्तकृत वर्ग तथा समुदाय सम्झनु पर्छ ।

२०७९/१२/१६

ग) "गाउँपालिका" भन्नाले खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ) "सामुदायीक स्वास्थ्य इकाइ रहने स्थानहरु" खोटेहाङ गाउँपालिका अन्तर्गतका वडा नं. २ को कपासे भञ्याङ, वडा नं ३ को ढाटी भञ्याङ, वडा नं. ४ को रोक्सिङ भञ्याङ, वडा न. ८ को बेर्रे र वडा नं. ९ को हकेखामा सामुदायीक स्वास्थ्य इकाइ स्थापना गरि सेवा सन्चालनमा ल्याइने छ ।

## परिच्छेद २

## कर्मचारी सम्वन्धी ब्यवस्था र दरवन्दी

### २.१ सामुदायीक स्वास्थ्य इकाइ सञ्चालन गर्न देहाय अनुसारको जनशक्तीको ब्यवस्था गरिने छ ।

क) अ.हे.व. १ जना

ख) अ.न.मी. १ जना

ग) कार्यालय सहयोगी १ जना

### २.२ पारिश्रमिक र सुविधा सम्वन्धी ब्यवस्था :

स्थानीय तह अन्तर्गत स्वीकृत दरवन्दीमा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको तलव, भत्ता, पोषाक, लगायत प्रशासनीक खर्च समेतको वजेटबाट नेपाल सरकारले चौथो तहलाई उपलब्ध गराउने रकम बराबर पारिश्रमिक र सुविधा उपलब्ध गराउने यदि रकम कम उपलब्ध भएमा खोटेहाङ गाउँपालिकालेनै ब्योहोर्ने छ र कार्यालय सहयोगीको हकमा गाउँपालिकालेनै तलव, भत्ता, पोषाक, लगायतका खर्चको ब्यवस्थापन गर्नेछ ।

**२.३ प्रकृया :** यदि पद रिक्त भएमा खोटेहाङ गाउँपालिकको सेवा करारमा कर्मचारी ब्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

### ३ सामुदायिक स्वास्थ्य इकाइ सन्चालन तथा ब्यवस्थापन :

३.१ सामुदायिक स्वास्थ्य इकाइको सन्चालन रेखदेख र समन्वय सम्वन्धित सामुदायिक स्वस्थ्य इकाइ सन्चालन तथा ब्यवस्थापंन समिति, वडा कार्यालय र गाउँपालिकाले गर्ने छ ।

३.२ सामुदायिक स्वास्थ्य इकाइलाई आवश्यक पर्ने औषधी, औजार उपकरणहरुको ब्यवस्थापन गाउँपालिकालेनै गर्नेछ ।

३.३ सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत कर्मचारीको रेखदेख र ब्यवस्थापन सामुदायिक स्वस्थ्य इकाइ सन्चालन तथा ब्यवस्थापन समिति र गाउँपालिकाले गर्नेछ ।

३.४ सामुदायिक स्वास्थ्य इकाइ सन्चालन गर्ने भवनको ब्यवस्था सामुदायिक स्वस्थ्य इकाइ सन्चालन तथा ब्यवस्थापन समिति र गाउँपालिकाले गर्नेछ ।

### ४. सामुदायिक स्वास्थ्य इकाइ सन्चालन तथा ब्यवस्थापन समिति गठन :

४.१ सामुदायिक स्वास्थ्य इकाइबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न देहाय अनुसार सन्चालन तथा

ब्यवस्थापन समिति गठन हुनेछ ।

गाउँपालिका अध्यक्ष - संरक्षक

क) सम्वन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

ख) सम्वन्धित वडामा बसोबास गर्ने समाजसेवी, बुद्दिजिवी मध्येबाट समितिले तोकेको ब्यक्ति १ जना -उपाध्यक्ष

ग) सम्वन्धित वडाको सचिव - **सदस्य**

घ) सामुदायिक स्वास्थ्य इकाइ रहेको क्षेत्रको बिधालयका प्रमुख प्राचार्य मध्येबाट १ जना - **सदस्य**

ङ) स्थानीय ब्यपार संघको प्रतिनिधि १ जना - सदस्य

च) महिला स्वास्थ्य स्वयं सेविकाहरु मध्येबाट १ जना - सदस्य

छ) सामुदायिक स्वास्थ्य इकाइ प्रमुख - सदस्य सचिव

२०८०।१।२९

..................................

आज्ञाले

अजम्बर राई

प्रमुख प्रशासकीय अधिकृत